त्रिवेणी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ३ संख्याः १ प्रकाशन मितिः २०७६/१०/१५

भाग १

त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँसभाले बनाएको तपसिलमा लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

कृषि नीति, २०७६

गाउँसभाबाट स्वीकृत मिति : २०७६/०९/२८
प्रमाणिकरण मिति : २०७६/१०/१४

प्रस्तावना :

नेपालको संविधानको मर्म तथा भावनालाई कदर गर्दै कृषि विकासको गति द्रुततर बनाउन अपरिहार्य बनेको छ । जसको लागि स्थानिय वस्तुस्थिति, हावापानी तथा समाज सुहाउँदो एवं समयसापेक्ष कृषि विकास नीति तर्जुमा हुन नितान्त आवश्यक हुन गएको र बदलिदो परिवेश अनुरुप कृषि क्षेत्रलाई पनि रुपान्तरण तथा विकास प्रकृयामा सामेल गराउन देखिन्छ । त्रिवेणी गाउँपालिका

क्षेत्रको आर्थिक वृद्धिको प्रमुख आधार कृषि भएकाले समग्र कृषि क्षेत्रको रुपान्तरण जरुरी छ । कृषि क्षेत्रको द्रुत, दिगो एवं किफायती विकास विना अन्य कुनै क्षेत्रको विकास सम्भव नदेखिएको परिप्रेक्षमा यस क्षेत्रको आधारभुत एवं व्यवसायिक विकासका लागि समय सापेक्ष नीति निर्धारण गरी कार्यान्वयनमा लैजानु महत्वपुर्ण भुमिका बन्न जान्छ । सोही बमोजिम **त्रिवेणी गाउँपालिका** क्षेत्रका कृषि क्षेत्रका सम्भावनाहरु केलाउँदै वास्तविकतालाई केन्द्रमा राखी भावी गुरु योजना तथा रणनीति एवं कार्यनीतिलाई आधार दिन कृषि नीति, २०७६ तयार पारिएको हो ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को (ण) ले स्थानीय सरकारलाई दिएको अधिकारलाई उपयोग गर्दै तरकारी खेती, खाद्यबाली तथा फलफुल खेतीको आधुनिकीकरण तथा अन्य परम्परागत खेती संरक्षण र व्यवस्थापन गर्न यस त्रिवेणी गाउँपालिकाले यो नीति तयार गरी लागु गरिएको छ ।

परिच्छेद १

१. सोच :

त्रिवेणी गाउँपालिकाको भौगोलिक भू-वनोट वातावरण तथा श्रोत साधनलाई मध्यनजर गर्दै कृषकको चाहानामा आधुनिक उन्नत प्रविधिको अनुशरण मार्फत समग्र कृषि क्षेत्रलाई मर्यादित एवं व्यवसायिक र अद्यौगिकरणको रुपमा स्थापित गराउने ।

२. लक्ष्य :

नेपालको संविधानको मूल मर्मलाई आत्मसात गरी संविधानको कार्यान्वयनसँगै राज्यको पुनर्संरचना बमोजिम कृषि क्षेत्रको सवलीकरण मार्फत त्रिवेणी गाउँपालिकाका सबै कृषकको आर्थिक अवस्थामा टेवा पुऱ्याउने ।

३. मार्गदर्शक सिद्धान्तहरु :

यो नीतिका मुख्य मार्ग निर्देशक सिद्धान्तहरु देहाय बमोजिम रहेका छन्-

(क) न्यायोचितता : सबै वर्ग, क्षेत्र, लिंग र समुदायको कृषि क्रियाकलापहरुमा निर्णय प्रक्रियामा सबैको समान सहभागिता आवश्यक हुन्छ ।

(ख) दिगो विकास : कृषि क्रियाकलापहरु सञ्चालन गर्दा वर्तमान आवश्यकता पुरा गर्न भविष्यसँग सम्झौता नगर्ने गरी आर्थिक, सामाजिक र वातावरणीय पक्षहरुमा यथेष्ट ध्यान पुऱ्याउनु पर्दछ ।

(ग) साझा तर भिन्न दायित्व र क्षमता : कृषि बहुविषयगत क्षेत्रहरुको साझा, अन्तरसम्बन्धित सवाल हो । यसलाई सम्बोधन गर्न विभिन्न तह र क्षेत्रहरुको भिन्नभिन्न दायित्व, क्षमता हुन्छ र निर्वाह गर्नु पर्दछ ।

(घ) जनसहभागिता : कृषि कार्यक्रमहरुलाई प्रभावकारी बनाउन सबै निर्णय प्रक्रियाहरुमा व्यापक जनसहभागिता आवश्यक हुन्छ ।

(ङ) समन्वय र सहकार्य : कृषि क्रियाकलापको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एवं सार्वजनीक तथा निजी क्षेत्रका सबै सरोकारवालाहरु बीचको समन्वय र सहकार्य अपरिहार्य हुन्छ ।

(च) कृषि व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्वद्ध नीति, योजना र कार्यक्रमहरु तर्जुमा गर्दा वैज्ञानिक एवं प्राविधिक तथ्य र तथ्यांकहरु तथा परम्परागत ज्ञान र सिपको भूमिका महत्वपूर्ण हुन्छ ।

४. नीतिको नाम र प्रारम्भ :

४.१ यो नीतिको नाम "त्रिवेणी गाउँपालिकाको कृषि नीति, २०७६" रहेकोछ ।

४.२ यो नीति त्रिवेणी गाउँपालिकाको गाउँसभाद्वारा स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

५. उद्देश्य :

यस नीतिले निम्न बमोजिमका उद्देश्य लिएकोछ -

५.१ कृषि क्षेत्रमा लागेका कृषकहरुलाई व्यवसायिकरण, आधुनिकिकरण तर्फ उन्मुख गराई युवाशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने तथा कृषि क्षेत्रमा लाग्न अभिप्रेरित गरी समग्र कृषि क्षेत्रको विकास मार्फत आर्थिक सम्वृद्धि ल्याउने ।

५.२ विविधिकरण मार्फत कृषि उत्पादन एवं उत्पादकत्वमा वृद्धि ल्याउने ।

५.३ कृषि क्षेत्रलाई समय सापेक्ष व्यवसायिकरण, आधुनिकीकरण तथा औद्योगिकरणमा लैजान प्रयत्न गर्ने ।

६. चुनौतीहरु :

कृषि क्षेत्रका हाल कायम रही आएका तपसिल बमोजिमका चुनौतीहरुलाई सामाना गर्दै अगाडी बढ्न जरुरी छ ।

६.१ आधुनिक तथा व्यवसायीक कृषि र कृषि बजारको व्यवस्थापन नहुनु ।

६.२ प्राकृतिक प्रकोप विशेष गरी बाढी, सुख्खा खडेरी जोखिमको क्रममा रहनु ।

६.३ परम्परागत कृषि प्रणालीलाई परित्याग गर्न नसक्नु तथा आधुनिक प्रविधिको अनुशरण गर्न नसक्नु ।

६.४ भू-व्यवस्थापन तथा चक्लाबन्दी, खेती योग्य जमीन घडेरीमा बिक्रिको कारणले टुक्रे खेती प्रणाली रहनु ।

६.५ सिंचाईको सुविधा पुग्न नसक्नु अधिकांश क्षेत्रमा आकाशे पानीको भरमा खेती गर्नु ।

६.६ विद्युत सेवा पर्याप्त एवं सहज रुपमा उपलब्ध हुन नसक्नु ।

७. अवसरहरु :

७.१ हालको उत्पादित कृषि वस्तुहरुलाई बढावा दिई कृषि उद्योगहरुको लागि कच्चा पदार्थको रुपमा खपत एवं निर्यात गर्न सकिने प्रशस्त सम्भावना रहेको ।

७.२ प्राङ्गारीक मलको उपयोगलाई बढावा दिई प्राङ्गारीक खेती उत्पादन गर्न सकिने ।

७.३ कृषि क्षेत्रको गुरुयोजना वनाई विभिन्न सम्भावना बोकेका कृषि वस्तुहरुको पहिचान गरी पकेट, ब्लकको जोनको अवधारणामा रोजगारीको अवसर श्रृजना गरी आर्थिक विकासमा परिवर्तन गर्न सकिने ।

७.४ कृषिको व्यवसायीक शिक्षाका लागी विद्यालयस्तरबाट नै कृषिको प्राविधिक शिक्षा सञ्चालन गरी व्यवसायीक कृषिको आधार निर्माण गर्न सकिने ।

७.५. निजि, सहकारी र सामूहिक रुपमा कृषि व्यवसाय सञ्चालन र सोको प्रवर्द्धन ।

७.६ कृषिमा यान्त्रिकरण गरी उन्नत र आधुनिक कृषि प्रणालीको प्रवर्द्धन गर्न कृषि प्रवर्द्धन कोष स्थापना गरी सहुलियत ब्याजमा ऋण उपलब्ध गराई कृषि व्यवसाय प्रवर्द्धन गर्न सकिने ।

७.७. कृषि पेशामा कृषकको आकर्षण बढाउनका लागी कृषकलाई परिचयपत्र, कृषिको बिमा र व्यवसायीक कृषकहरुको वर्गीकरण गरी अनुदान र सहुलीयत साथै कृषक पेन्सन (बोटविरुवा वितरण) को व्यवस्था गर्न सकिने ।

७.८. किसानसंग गाउँ सरकार, एक गाउँ एक उद्योग सम्वृद्धिको मुल आधार जस्ता कार्यक्रम सञ्चालन गर्न सकिने ।

७.९. हाम्रो नजिकमा ठूला उप-महानगरपालिका अवस्थित रहेको साथै बाहिर समेत संभावना भएकोले बजार खोजिमा ध्यान दिएर उत्पादित वस्तुलाई बिक्रि वितरण सहज बनाउने ।

परिच्छेद २

८. नीति :

८.१ समग्र कृषि क्षेत्रलाई सम्मानजनक, मर्यादित आकर्षक पेशाको रुपमा विकास गरी प्रतिष्पर्धा बनाउन आवश्यक पहलकदमी लिनुका साथै सहयोगी कार्यक्रमहरुमा जोड दिने ।

८.२ उच्च मुल्य वस्तु तथा सम्भावना बोकेका कृषि वस्तुहरुको पहिचान गरी तुलनात्मक लाभ लागतका आधारमा क्षेत्र विस्तार एवं व्यवसायीकरण मार्फत आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।

८.३ स्थानीय वातारवरण हावापानी माटो लगायत जलवायु परिवर्तन र प्राकृतिक प्रकोपसँग घुलमिल हुन सक्ने तथा त्यसबाट पर्न सक्ने सम्भाव्य असर न्युनिकरण गर्न सक्ने प्रविधि एवं क्षमताको विकास गर्ने ।

८.४ कृषिमा प्राविधिक तथा व्यवसायीक शिक्षा, योग्य र दक्ष कृषक मार्फत आधुनिक कृषि प्रणालीको प्रवर्द्धन गर्ने ।

८.५ गाउँपालिकाको कुल वार्षिक बजेटको करिब १० प्रतिशत रकम कृषि क्षेत्रमा छुट्याइनेछ ।

८.६ कृषि बिमा कार्यक्रमको व्यवस्था लागु गरिनेछ ।

८.७ कृषकहरुलाई गाउँपालिकाबाट वितरित बिउबाट उत्पादन नभएमा क्षतिपूर्तीको व्यवस्था गरिनेछ ।

८.८ कृषकहरुलाई अनुदानमा बिउ तथा मल वितरणको व्यवस्था गरिनेछ ।

९. कार्यनीति :

यस नीतिले निम्न बमोजिमको कार्यनीति लिएकोछ -

९.१ कृषि क्षेत्रमा लागेका सम्पुर्ण कृषकहरुको स्तर (साना, मझौला र ठुला) निर्धारण गरी कृषक परिचयपत्र वितरण र आवधिक नीति तथा कार्यविधि तयार गरी सामाजिक सुरक्षा कार्यक्रम लागु गरिनेछ ।

९.२ गाउँपालिका क्षेत्रका सम्भावना बोकेका बस्तुहरुको आधुनिकिकरण तथा व्यवसायीकरण गर्दै सो वस्तुहरु (तरकारी, धान, गहुँ, मकै, आलु, अदुवा, बेसार तथा मौरी पालन, च्याउ खेती) लाई क्रमिक रुपमा आत्मनिर्भर बनाइनेछ ।

९.३ कृषि उपज बजार तथा संङ्कलन केन्द्र एवं शीत भण्डार सञ्चालनको लागि निजी क्षेत्रसँग सहकार्य गरी अघि बढाईनेछ ।

९.४ एक गाउँ एक उत्पादन तथा एक फार्म एक उत्पादन जस्ता नीति अवलम्वन गरिनेछ ।

९.५ कृषि उत्पादनको उचित मुल्यनिर्धारण तथा बजार प्रवर्द्धनका लागि संयन्त्र निर्माण गरिनेछ ।

९.६ त्रिवेणी गाउँपालिका क्षेत्रभित्र सम्भाव्यता बोकेका वस्तु तथा क्षेत्रहरुको पहिचान गरी उपयुक्त कार्यक्रम लागु गरिनेछ ।

९.७ खेती योग्य जमिनलाई बाँझो राख्ने, खण्डीकरण गर्ने, प्लटीङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिको दिगो एवं भरपर्दो (स्थानीय परिवेश) अनुसार योजना बनाई कार्यान्वयन एवं सहजीकरण गरिनेछ ।

९.८ गुणस्तरीय कृषि सामग्री तथा यान्त्रिकरणका लागि कृषक मैत्री औजार, उन्नत प्रविधि एवं सुलभ कृषि कर्जाको व्यवस्था गरिनेछ ।

९.९ कृषिमा आधारित उद्योगहरु स्थापन गर्न उत्प्रेरित गरिनेछ र रोजगारीमा वृद्धि साथै कृषि पर्यटनको विकासमा युवा कृषकहरुलाई आकर्षित गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

९.१० उत्पादित वस्तुहरुलाई बजारीकरणका लागि पायक पर्ने ठाउँहरुमा हाटबजार तथा संकलन केन्द्र स्थापना गरी प्रवर्द्धन गरिनेछ । तरकारी बजारको व्यवस्थापन गरिनेछ ।

९.११ स्थानीय श्रोत साधनहरुको अधिकतम उपयोग गरी वातावरणमैत्री प्रविधिको अनुशरण गरिनेछ र जमिन खण्डिकरण रोकिनेछ ।

९.१२ कृषि उत्पादनको स्वच्छता तथा गुणस्तर कायम राख्न सरोकारवाला निकायसँग समन्वय र हातेमालो गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९.१३ समग्र कृषि विकास तथा त्रिवेणी गाउँपालिकालाई संवृद्ध गाउँपालिका बनाउनको लागि अल्पकालिन तथा दिर्घकालिन योजनाहरु तयार गरी कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

९.१४ बजार व्यवस्थापनको स्तरोन्नती गरिनेछ । गुणस्तरीय उत्पादनका बारेमा चेतना जगाउने काम गरिनेछ । शित भण्डारण गृह स्थापना गरिनेछ ।

९.१५ कृषि समूहको निर्माण र समूह मार्फत गरिने कृषि पद्धतिको विकास र प्रवर्द्धन गरिनेछ ।

९.१६ बिषादी प्रयोगलाई न्यूनिकरण, प्राङ्गारिक मलखादको प्रयोगमा जोड दिने । आधुनिक प्रणालीमा खेती गर्न गराउन सिकाउने ।

९.१७ कृषि अनुदान तथा ऋणमा पहुँचको विकास र वृद्धि गरिनेछ । बिमा (कृषि तथा पशुपंछी) मा पहुँचको विकास र वृद्धि गरिनेछ ।

९.१८ तालिम अध्ययन प्रणालीबाट आई. पि. एम. पद्धति खेती गराइनेछ । सहकारी प्रणालीमा खेती गर्न गराउन प्रवर्द्धन गर्ने ।

९.१९ स्थानीय ज्ञान सिप र पद्धति संरक्षण र प्रवर्द्धन, प्राविधिक सेवाको व्यवस्था गर्ने, चरण क्षेत्रको व्यवस्था गर्ने र माटो परीक्षण गरिनेछ ।

९.२० माध्यमिक तहवाट नै कृषि शिक्षा प्रदान गर्नका लागी प्राविधिक शिक्षा सञ्चालन गरिनेछ ।

९.२१ व्यवसायीक कृषि प्रवर्द्धनका लागी कृषि कोष स्थापना गरिनेछ ।

९.२२ कृषकलाई पचियपत्र, कृषिको बिमा, व्यवसायीक कृषकहरुको वर्गीकरण गरी अनुदान र कृषक पेन्सन (फलफुलका बोटविरुवा वितरण) को व्यवस्था गरिनेछ ।

९.२३ एक गाउँ एक उद्योग, आधुनिक र व्यवसायीक कृषिका लागी किसानसँग गाउँ सरकार सञ्चालन गरिनेछ ।

परिच्छेद ३

१०. संरचना : यस नीति कार्यन्वयनको लागि तपसिल बमोजिम संरचना निर्माण गरिनेछ । संरचना निम्न बमोजिम हुनेछ -

गाउँपालिका स्तर : कृषि सहकारी महासंघ, बजार प्रतिनिधि ।

वडा स्तर : वडा अध्यक्ष, कृषि सहकारी, कृषि समूहका प्रतिनिधि ।

काम कर्तव्य र अधिकार :

१०.१ पकेट क्षेत्र, जोनको अनुगमन, समूह सहकारीको अनुगमन गर्ने ।

१०.२ गाउँपालिका तथा वडास्तरबाट सञ्चालन भएका कामको अनुगमन गर्ने ।

१०.३ नियमित रुपमा पालिकालाई प्रतिवेदन बुझाउने ।

१०.४ राम्रा कृषि समूह तथा कृषकलाई प्रोत्साहनको लागि सिफारिस गर्ने ।

११. अनुगमन, मूल्याङ्कन र पूनरावलोकन संरचनाको काम, कर्तव्य र अधिकार :

अनुगमन समिति

- जनप्रतिनिधि १
- कृषि इकाई शाखा प्रमुख १
- उपभोक्ता संरक्षण समिति १
- बजार प्रतिनिधि १
- संघसंस्था १

(क) सबै साझेदार सरोकारवालाहरुको उत्तरदायित्व सुनिश्चित गर्न, सार्वजनिक जागरुकता र सहभागिता बढाउन र सूचनामा पहुँच स्थापित गर्न पारदर्शिता तथा उत्तरदायित्वको ढाँचा तयार गरिनेछ ।

(ख) कृषिमा भएका लगानी एवं सहयोगको आवश्यक तथ्याङ्क सङ्कलन, त्यसको समयानुकूल सूचनाप्रवाह र प्रतिवेदनहरूलाई व्यवस्थित गरिनेछ ।

(ग) नीतिको कार्यान्वयन सम्बन्धमा सरकारको नेतृत्वमा सरोकारवाला संघसंस्थाहरु सम्मिलित संयन्त्रहरुको गठन गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।

(घ) अनुगमन तथा मूल्यांकन प्रतिवेदन गाउँपालिकाबाट तयार गर्ने गरी व्यवस्था मिलाइनेछ ।

(ङ) यो नीतिको पूनरावलोकन प्रत्येक पाँच वर्षमा गरिनेछ ।

१२. दर्ता :

कृषि सहकारी समूह/फार्म

१२.१ महिला समूह फर्म कृषि सहकारी दर्ता गरी काम गर्न अनुरोध गर्ने ।

१२.२ निःशुल्क दर्ता गर्न व्यवस्था गर्ने ।

परिच्छेद ४

१३. पुरस्कार र प्रोत्साहन :

यो कृषि निति लागु भएपछि कृषि नीतिले अंगिकार गरेको उद्देश्य बमोजिम गाउँपालिकाले वार्षिक रुपमा कृषिक तथा कृषि समूहलाई पुरस्कृत गरिनेछ ।

१४. गै.स.स. समन्वय र सहकार्य :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग कृषक समूह, कृषक, कृषि फार्म, नीजि क्षेत्र यस कृषि नीतिमा उल्लेख भए बमोजिमका उद्देश्यहरु पुरा गर्न समन्वय र सहकार्य गर्न सक्नेछन् ।

१५. योजना तर्जुमा :

प्रत्येक वर्ष गाउँपालिकाले योजना निर्माण गर्दा अनिवार्य रुपमा कृषक, कृषक समूह, सहकारीका प्रतिनिधी आदीलाई सहभागी गराइनेछ ।

१६. अनुदान :

कृषि पेशामा लाग्ने किसानलाई निम्न कुरामा अनुदान दिइनेछ -

- कृषि प्रवर्द्धनको लागि आवश्यक यन्त्र उपकरण खरिद ।
- महिला कृषक समूहलाई वार्षिक रुपमा निश्चित रकम फरक खेति गर्न ।
- बीउबीजन, मल, कृषि सामग्री खरिद गर्न ।
- मल, बीउ र माटो परीक्षण गर्न ।
- युवा लक्षित कृषि स्वरोजगारीको प्रवर्द्धन गर्न ।

१७. पहुँच :

- जमिन भाडामा लिने किसान र दिनेबीच सम्झौता वडा कार्यालयबाट प्रमाणित गर्नुपर्नेछ ।
- कृषकहरुका लागि स्वास्थ्य र सुरक्षा लागि हुने सामग्री उपलब्ध गराइनेछ जस्तै : माक्स, पञ्जा, चश्मा, रेनकोट, बुट आदि ।
- कृषि सहकारीहरुको प्रवर्द्धन गरिनेछ ।

आज्ञाले

निम बहादुर के. सी.

प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी